भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : (प्रशासन)/०८२।८३
च.नं. : ११६

मितिः २०८३।०६।०६

विषय : आचारसंहिता परिपालना ।

**श्री राष्ट्रसेवक कर्मचारिहरु,**
**भुमे गाउँपालिका, रुकुम (पूर्वी भाग) ।**

यस गाउँपालिकाको प्रशासनिक कार्यसम्पादनलाई उत्कृष्ट बनाउँदै, आम नागरिकमा सुशासनको सुखद अनुभूति गराउनु हामी सबैको साझा र मर्यादित दायित्व हो। हामीले प्रवाह गर्ने सेवाको गुणुस्तर, हाम्रो व्यवसायिक आचरण र समयपालनले गाउँपालिकाको गरिमा उच्च राख्दछ। अतः आगामी दिनमा कार्यालयको दैनिक कार्यसञ्चालन, अनुशासन र आचरणलाई थप चुस्त, पारदर्शी र जनमुखी बनाउन प्रचलित कानुन बमोजिम तत्काल लागु हुने गरी निम्न बमोजिमका निर्देशनहरु जारी गरिएको छ।

१. कार्यालय समयावधीमा तोकिएको पोशाक र परिचयपत्र अनिवार्य रुपमा लगाएर मात्र कार्यालय आउनु हुन।
२. नेपाल सरकारले निर्धारण गरेको खाजा समय आधा घण्टा भित्र खाजा खाएर आफ्नो कार्यकक्ष फर्किन, खाजा खान जाँदा शाखामा आलोपालो गरी जान र शाखा खाली गरेर नजानु हुन।
३. प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृती वेगर काज / विदामा नवस्न, प्रमुख प्रशासकीय अधिकृत अनुपस्थित भएको बखत कार्यालयको वरिष्ठतम कर्मचारिसंग बिदा स्वीकृत गरी मात्र बिदामा बस्नु हुन।
४. कार्यालय समयको पुर्ण रुपमा पालना गरि बिहान ९ बजे भित्र हाजिर हुने र बेलुका ५ बजे पछि मात्र इ हाजिरी प्रणालीमा हाजिरी जनाइ बाहिरीनु हुन ।
५. कार्यालय समयमा कुनै सरकारी वा अत्यावश्यक व्यक्तिगत कामले बाहिर निस्कनु परेमा कार्यालयको लगबुक (Logbook) मा निस्किएको समय, कारण र फर्कने समय अनिवार्य रुपमा उल्लेख गरी शाखा प्रमुखको सहमतिमा मात्र निस्कनुहुन।
६. प्राविधिक शाखाका कर्मचारीहरु योजनाहरुको नापजाँच वा प्राविधिक कार्यका लागि फिल्ड जाँदा अनिवार्य रुपमा लगबुक भरेर मात्र जानुहुन र फिल्डमा जानु अगावै अनिवार्य रुपमा कार्यालय प्रमुखलाई जानकारी गराउनुहुन। (फिल्डमा जाँदा कर्मचारी पोषाक अनिवार्य नरहेको )
७. कार्यालयमा आउने आदरणीय सेवाग्राही, जनप्रतिनीधि तथा सहकर्मी साथीहरुसँग संवाद गर्दा अत्यन्त शिष्ट, मर्यादित र नम्र भाषाको प्रयोग गर्नुहुन। कसैलाई पनि विना कारण फाइल अल्झाउने वा कुराउने कार्य नगर्नुहुन
८. यस गाउँपालिका तथा अन्तर्गतका निकायका नाममा रहेका सरकारी मोटरसाइकलहरु केवल स्वीकृत कार्यलय कामकाजका लागि मात्र प्रयोग गर्नु हुन। सरकारी सवारी साधनहरुलाई कुनै पनि प्रकारको ब्यत्तिगत काम, घरायसी प्रयोजन वा गैर सरकारी कार्यमा प्रयोग गर्न पूर्ण रुपमा निषेध गरिएको छ । साथै सार्वजनिक विदामा समेत सरकारी सवारी साधानहरु प्रयोग नगर्नुहुन ।
९. निर्देशनमा छुट भएको हकमा नियमानुसार गर्नुहुन ।

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

यस निर्देशनमा अक्षरशः पालना भए/नभएको सम्बन्धमा यस कार्यालयबाट कुनै पनि समयमा आकस्मिक निरीक्षण गरिनेछ।

२०७८।०६।०६

(खमजङ खत्री)

प्रमुख प्रशासकीय अधिकृत

खमजङ खत्री
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ

श्रीमान् अध्यक्षज्युः जानकारीको लागी।

श्रीमान् उपाध्यक्षज्यू : जानकारीको लागी।

बोधार्थ/कार्यार्थ :

श्रीमान् वडाध्यक्ष्यज्यूहरुः (आवश्यक अनुगमन र समन्वयको लागी) ।

श्री सम्पुर्ण शाखाहरु/वडा कार्यालयहरुः (पालना र कार्यान्वयनको लागि) ।